# शंखरापुर नगरपालिकाको आर्थिक वर्ष २०८३-०८४ को नीतिहरु

## १.१. आर्थिक विकास

### १.१.१. सहकारी तथा उद्योग वाणिज्य

१. नगरभित्र रहेका पालिका, प्रदेश तथा सङ्घ अन्तर्गतका सबै सहकारी संस्थाहरूको विवरण अद्यावधिक गरी एकीकृत सहकारी लगत तयार गरिनेछ। साथै, निष्क्रिय सहकारीहरूको पहिचान गरी खारेजी प्रक्रियामा लगिनेछ।

२. सहकारी संस्थाहरूलाई उत्पादनमूलक, रोजगारी सिर्जना गर्ने तथा सेवा प्रवाहमा केन्द्रित बनाउन प्रोत्साहन गर्दै प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। साथै, नयाँ सहकारी दर्तालाई निरुत्साहित गरिनेछ।

३. नगरभित्रका सहकारी संस्थाहरूलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सबै संस्थालाई अनिवार्य कोपोमिस प्रणालीमा आवद्ध गरी सफ्टवेयर मार्फत लेखा राख्न प्रोत्साहन गरिनेछ।

४. नगरपालिका मातहतका वित्तीय रूपमा कमजोर भएका, दोहोरो कार्यक्षेत्र भएका तथा न्यून कारोबार भएका सहकारी संस्थाहरूलाई क्रमशः एकीकरण (मर्जर) प्रक्रियामा प्रोत्साहित गरिनेछ।

५. नगरभित्र उद्योग तथा व्यवसायको प्रवर्द्धनका लागि उद्योग ग्राम स्थापनाको लागि सङ्घ तथा प्रदेश सरकारसँग पहल गरिनेछ। साथै, स्थानीय तथा बाह्य लगानी आकर्षित गर्न लगानी सम्मेलन आयोजना गरिनेछ।

६. बजार अनुगमनलाई प्रभावकारी बनाई उपभोक्ता हित विपरीत कार्य गर्ने व्यक्ति वा संस्थालाई कानुनी कारवाहीको दायरामा ल्याइनेछ।

### १.१.२. कृषि विकास

१. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मनिर्भर बनाउन समयानुकुल मलखाद तथा वीउ विजन सुपथ मूल्यमा उपलव्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

२. अनुदानको रासायनिक मल, विषादी र वीउ विक्रेताहरुलाई नियम र कानुनको परिधिभित्र मात्र कारोबार गर्न गराउन पाउने गरी व्यवस्थित गरिनेछ ।

३. कृषि विकासका लागि घुम्ती शिविर मार्फत कृषकहरुलाई थप सेवा पुऱ्याउने व्यवस्था मिलाइनेछ।

४. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न उच्च उत्पादन सम्भावना भएका क्षेत्रमा हिउँदे तथा वर्षे फलफूलका बिरुवा वितरण गरिनेछ। साथै बेमौसमी तरकारी उत्पादन प्रवर्द्धनका लागि प्लास्टिक टनेल (घर) निर्माण, स्कुस खेतीका लागि टेका (समर्थन संरचना) कार्यक्रमको

निरन्तरता तथा कृषि यान्त्रीकरणका लागि कृषि प्रविधि तथा उपकरण खरिद गरी कृषकहरूलाई ५०% लागत साझेदारीमा उपलब्ध गराइनेछ।

५. कृषकहरूको ज्ञान, सीप, क्षमता तथा उत्पादकत्व अभिवृद्धि गर्दै स्कुस, आलु, केरा लगायत स्थानीय सम्भावनायुक्त कृषि बालीहरूको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, ब्राण्डिङ तथा बजारीकरण प्रवर्द्धन गर्न कृषि नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ।

६. कृषि अनुदानलाई व्यवस्थित गर्न किसान सूचीकरण प्रणालीमा कृषकहरुको विवरण प्रविष्ट गर्ने कार्यलाई निरन्तरता दिदैं वर्गीकरण सहितको किसान परिचयपत्र वितरण गर्न पहल गरिनेछ।

७. **कृषि क्षेत्रमा हुने जोखिमलाई** न्यूनीकरण गर्न कृषि बिमा प्रवर्द्धन कार्यक्रमलाई अभियानको रुपमा विस्तार गरिनेछ ।

८. स्थानीय तहमा सूचीकृत भएका कृषक तथा कृषक समूहरुलाई कृषि सम्बन्धी सूचना तथा जानकारीहरु **SMS मार्फत** दिने कार्यलाई निरन्तरता दिइनेछ।

९. बँदेल तथा बाँदर प्रभावित क्षेत्रमा उक्त जनावरले क्षति नगर्ने **वैकल्पिक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ** ।

१०. कृषि बालीको सुरक्षा र उत्पादनको संरक्षण गर्न एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) जैविक विषादी तथा फेरोमन ट्र्याप ६०% लागत साझेदारीमा कृषकहरुलाई उपलव्ध **गरिनेछ**।

११. रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन, जलवायू अनुकुलन तथा अर्गानिक खेतीलाई प्रोत्साहन गरिनेछ।

१२. **"स्वस्थ माटोको साथ उत्पादनमा वृद्धि"** भन्ने नाराका साथ माटो परीक्षण, माटोको अम्लीयपन र क्षारियपनलाई सुधार गर्न कृषि चुन वितरणको व्यवस्था गरिनेछ।

१३. **"एक वडा एक उत्पादन"** कार्यक्रमलाई प्रदेश सरकारको सहकार्यमा निरन्तरता दिइनेछ।

१४. कृषि उपजहरुको **सङ्कलन तथा विक्री केन्द्रको** स्थापना तथा सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

१५. खाद्यन्न बाली अन्तर्गत (**धान,गँहुको वीउ उत्पादन कार्यक्रमलाई**) निरन्तरता दिइनेछ ।

१६. **सङ्घीय तथा प्रादेशिक सरकारबाट** जारी कृषि विकास रणनीतिका योजनालाई प्राथमिकता दिई लागु गरिनेछ ।

### १.१.३. पशु विकास

१. पशु तथा पशुजन्य वस्तुहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी नगरपालिकालाई दूध, फूल, मासु, अण्डा तथा माछामा क्रमशः आत्मनिर्भर बनाउँदै मूल्य शृंखला विकास, बजारीकरण तथा अतिरिक्त उत्पादनको निर्यात प्रवर्द्धन गरिनेछ।

२. कृषक समूह, सहकारी, व्यवसायी, पशु स्वास्थ्यकर्मी तथा विषय विज्ञसँगको सहकार्यमा स्थानीय सम्भावनाका आधारमा पशुपन्छी विशेष पकेट क्षेत्र, उत्पादन क्षेत्र तथा कृषि—पशु पर्यटन प्रवर्द्धन गरिनेछ।

३. पशु स्वास्थ्य संरक्षणका लागि नियमित पशु स्वास्थ्य शिविर, रोग निदान सेवा, निःशुल्क वा सहुलियत दरमा औषधि वितरण तथा प्राविधिक सेवा सञ्चालन गरिनेछ।

४. आधुनिक तथा उन्नत प्रविधिको प्रयोगमार्फत पशुपालन व्यवसायलाई व्यावसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्न लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

५. पशुमा लाग्ने संक्रामक रोगहरू जस्तै खोरेत, लम्पी स्किन, पि.पि.आर., रेबिज लगायत रोग विरुद्ध नियमित खोप कार्यक्रम सञ्चालन गरी पूर्ण खोपयुक्त नगरपालिका निर्माण गर्न पहल गरिनेछ।

६. उन्नत नश्ल विकास तथा उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान सेवा तथा नश्ल सुधार कार्यक्रमलाई विस्तार गरिनेछ।

७. पशुपालनको लागत न्यूनीकरण तथा दिगोपनका लागि हरियो घाँस उत्पादन, चरन व्यवस्थापन तथा वर्षे—हिउँदे घाँसका बीउ तथा बिरुवा वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

८. महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा सीमान्तकृत समुदायको जीविकोपार्जन सुधार गर्न मागमा आधारित समावेशी पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ (GEDSI Friendly Livelihood Program)।

९. दूध उत्पादन, पशुजन्य उत्पादन तथा स्थानीय उत्पादन प्रवर्द्धनका लागि प्रोत्साहन तथा अनुदान कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

१०. सामुदायिक तथा छाडा कुकुरको संख्या व्यवस्थापन तथा मानव—पशु स्वास्थ्य संरक्षणका लागि बन्ध्याकरण, रेबिज नियन्त्रण तथा स्वास्थ्य व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

११. छाडा चौपायाको व्यवस्थापन तथा पुनर्स्थापनका लागि सम्बन्धित निकाय तथा समुदायसँग सहकार्य गरिनेछ।

१२. व्यावसायिक पशुपालक कृषकहरूको क्षमता विकासका लागि सीपमूलक तालिम, अध्ययन अवलोकन तथा प्राविधिक सेवा विस्तार गरिनेछ।

१३. बेरोजगार तथा विदेशबाट फर्किएका युवालाई लक्षित गरी उद्यमशीलता तथा स्वरोजगारमुखी पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ।

१४. सङ्घ तथा प्रदेश सरकारसँगको समन्वयमा “एक वडा—एक उत्पादन” कार्यक्रमलाई पशुपालनसँग आबद्ध गर्दै कार्यान्वयन गरिनेछ।

१५. पशु रोग पहिचान तथा गुणस्तरीय सेवा प्रवाहका लागि पशु सेवा केन्द्र तथा प्रयोगशालाको क्षमता अभिवृद्धि गरिनेछ।

१६. पशुपन्छी क्षेत्रमा कार्यरत समुदाय, सहकारी तथा सङ्घ–संस्थासँग सहकार्य गरी पशु स्वास्थ्य तथा रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

१७. उत्कृष्ट पशुपालक कृषक, नवप्रवर्तनकर्ता तथा सफल उद्यमीहरूलाई छनोट गरी सम्मान तथा प्रोत्साहन गरिनेछ।

१८. महामारी वा आकस्मिक रूपमा फैलिन सक्ने पशु रोगहरूको नियन्त्रण तथा उपचारका लागि आकस्मिक पशु उपचार तथा उचित प्रबन्ध गरिनेछ।

### १.१.४. संस्कृति तथा पर्यटन

१. नगरपालिका क्षेत्रभित्र रहेका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक तथा पर्यटकीय सम्पदाहरूको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ। वडा नं. १ मा रहेका माने गहिरो शिवमन्दिर, नाङ्ले बजार गणेश मन्दिर, पिपलबोट शिवमन्दिर, सोती खोला महादेव मन्दिर, भूमीडाँडा भूमे मन्दिर तथा छाप बज्रयोगिनी मन्दिरस वडा नं. २ मा रहेका देउराली पिकनिक स्पट, कुण्डेश्वर मन्दिर तथा देउराली लिङ्गेश्वर मन्दिरस वडा नं. ३ मा रहेका गणेशमान सिंह स्मृति पार्क, नारायणेश्वर मन्दिर, नारायणथान देवस्थान तथा महांकाल थानस वडा नं. ४ मा रहेका गोल्मादेवी मन्दिर, चण्डेश्वरी मन्दिर, सुनदेवी मन्दिर, महाङ्काल थान, झुले–नुवाकोट–चिसापानी मार्ग, मार्पाकाग्यू गुम्बा तथा शिवपुरी–नागार्जुन राष्ट्रिय निकुञ्जस वडा नं. ५ मा रहेका विशम्भरा नारायण मन्दिर, नेपाल आमा मन्दिर, पाथीभरा मन्दिर, मुरलीधर नारायण मन्दिर, हरिहर मन्दिर, चन्द्रावती गोमा कुटी, पञ्चकन्या पार्क तथा कुसुम प्राकृतिक पार्कस वडा नं. ६ मा रहेका सलम्बुदेवी मन्दिर, बाराही मन्दिर, जयबली मन्दिर तथा ऐतिहासिक साँखु सम्पदा बस्तीस वडा नं. ७ मा रहेका श्री बज्रयोगिनी माईको मन्दिर, शालीनदी क्षेत्र, साँखु बजार तथा ज्योतिलिङ्गेश्वर मन्दिर परिसरस वडा नं. ८ मा रहेका बज्रयोगिनी मन्दिर, मणिचुड कुण्ड, मणिलिङ्गेश्वर मन्दिर, मणिचुड बुद्ध पार्क, बज्रयोगिनी होमडाँडा पार्क, नागचाः पाख/नारायण मन्दिर तथा भागवत धामस तथा वडा नं. ९ मा रहेका इन्द्रायणी–ब्रह्मायणी मन्दिर, राम मन्दिर, कालिका भगवती मन्दिर, सेतीदेवी मन्दिर, विन्दवासिनी मन्दिर, पञ्चकन्या मन्दिर तथा मनोहरा नदीस्थित झोलुङ्गे पुल लगायतका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरूको मौलिकता संरक्षण गर्दै ऐतिहासिक अभिलेख, जनश्रुति तथा तथ्यमा आधारित अनुसन्धान, अभिलेखीकरण, दस्तावेजीकरण, डिजिटलीकरण, पूर्वाधार विकास तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन गरिनेछ।

२. नगरपालिका क्षेत्रका बहुसांस्कृतिक भेषभूषा, जात्रा, मेला, परम्परागत बाजागाजा, कला, भाषा तथा मूर्त एवं अमूर्त सम्पदाहरूको संरक्षण, संवर्द्धन र पुस्तान्तरण गर्दै पर्यटनसँग आबद्ध गरिनेछ।

३. पर्यटन क्षेत्रहरूको विकास गर्दा वातावरणीय प्रभाव, जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा स्थानीय समुदायको सहभागितामा आधारित दिगो पर्यटन विकास अवधारणा अपनाइनेछ।

४. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि नगरस्तरीय पर्यटन सूचना केन्द्र स्थापना गरी डिजिटल पर्यटन सूचना प्रणाली, QR मा आधारित सूचना प्रणाली तथा पर्यटन पोर्टल विकास गरिनेछ।

५. होमस्टे, ग्रामीण पर्यटन तथा समुदायमा आधारित पर्यटन प्रवर्द्धन गरी स्थानीय उत्पादन, स्थानीय परिकार तथा सांस्कृतिक पहिचानसँग जोडेर रोजगारी तथा स्वरोजगार सिर्जनालाई प्राथमिकता दिइनेछ।

६. स्थानीय हस्तकला, काष्ठकला, मूर्तिकला तथा परम्परागत सीप संरक्षण र प्रवर्द्धनका लागि स्थानीय जनशक्तिलाई प्रोत्साहित गरिनेछ।

७. नगरपालिका क्षेत्रभित्रका सम्पदा, संस्कृति तथा पर्यटन स्थलहरूको डिजिटल अभिलेखीकरण, GIS Mapping तथा सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ।

८. धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूलाई जलवायु परिवर्तन अनुकूल तथा वातावरणमैत्री पूर्वाधारसँग जोड्दै हरित पर्यटन (Green Tourism) लाई प्रवर्द्धन गरिनेछ।

९. नगरपालिकाको पहिचान र गौरवको रुपमा परिचित ऐतिहासिक महत्वका सम्पदाहरु जस्तै मठ, मन्दिर, सत्तल र पाटीपौवाहरुको संरक्षण गरिनेछ ।

१०. पर्यावरणीय पर्यटन (Eco-Tourism) अवधारणा अनुरूप नगरपालिका क्षेत्रमा रहेका पर्यटकीय क्षेत्र र नदी किनार तथा सामुदायिक वन क्षेत्रमा धार्मिक तथा ऐतिहासिक क्षेत्रहरूको गुरुयोजना तयार गरी दिगो पर्यटन विकास गरिनेछ।

११. नगरपालिका क्षेत्रमा अवस्थित ऐतिहासिक नेवार समुदायको साँखुक्षेत्र (सक्व ) र तामाङ समुदायको ऐतिहासिक एवम् मौलिक बस्ती क्षेत्रलाई क्रमशः **"साँस्कृतिक संरक्षित क्षेत्र"** घोषणा गर्न आवश्यक पहल गरिनेछ ।

१२. नगरपालिका क्षेत्र भित्र रहेका सम्पदा बस्तीमा तोकिएको मापदण्ड अनुसार घर बनाउने घरधनीलाई रु १ लाख दिईदैं आएकोमा घरको नक्सा तयारी सहुलियत बापत रु २५ हजार थप गरी एकमुष्ट रु १ लाख २५ हजार प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साथै, सम्पदाबस्ती बाहिरको हकमा "घ" वर्गको घर नक्सा नगरपालिकाबाट नै निःशुल्क बनाइने कार्यलाई निरन्तरता दिइनेछ। अन्य वडाहरुको हकमा परापूर्वकाल देखि स्थायी थाकथलोमा बसोबास गर्दै आएका बासिन्दाका हकमा अनुदान तथा प्रोत्साहन गर्न मापदण्ड तयार गर्न अध्ययन गरिनेछ।

१३. नगरपालिका क्षेत्र भित्र मनाइने गरेका मौलिक जात्रा पर्वहरुहरुलाई दीर्घकालीन रुपमा सञ्चालन र व्यवस्थापन गर्न जात्रा व्यवस्थापन कोषमा रकम थप गर्दै लगिनेछ ।

१४. मन्डनदेउपुर, बनेपा, चाँगुनारायण, कागेश्वरी मनोहरा र यस नगरपालिकाको संयुक्त आयोजनामा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५. सम्पदा बस्तीभित्र ठूला सवारी साधन आवतजावतको नियमनको लागि वैकल्पिक बाटोको सम्भाव्यता अध्ययन गरी आवश्यक पहल गरिनेछ।

१६. नगरपालिकाभित्र रहेका ऐतिहाँसिक, साँस्कृतिक सम्पदाहरुको संरक्षण, संवर्द्धन एवं पुस्तान्तरण गरी जिवन्तता दिइनेछ ।

१७. शालिनदी कोरिडोर, पदमार्ग तथा साइकल लेन लगायत हरित पूर्वाधार विकास गरी पर्यावरणीय पर्यटन तथा स्वस्थ जीवनशैलीलाई प्रोत्साहन गरिनेछ।

## १.१.५. भूमि व्यवस्थापन

१. जनप्रतिनिधिको रोहबरमा सम्बन्धित सरकारी निकाय (भूमि प्रशासन कार्यालय तथा नापी कार्यालय) सँगको समन्वयमा सडक, खोला तथा कुलोको सीमाङ्कन, संरक्षण, अभिलेखीकरण तथा हाल—साबिक गर्ने कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

२. नगरपालिका क्षेत्रभित्र रहेका सबै सरकारी तथा सार्वजनिक जग्गाहरूको वडागत अभिलेख, डिजिटल लगत व्यवस्थापन तथा GIS मा आधारित नक्साङ्कन प्रणाली विकास गरी अद्यावधिक गरिनेछ।

३. नगरपालिका अन्तर्गत रहेका सडक, बाटो तथा सार्वजनिक मार्गहरूको लगत कट्टा (Right of Way) कार्यका लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक प्राविधिक, कानुनी तथा प्रशासनिक प्रक्रिया अगाडि बढाइनेछ।

४. विर्ता उन्मूलन ऐन, २०१६ तथा विर्ता उन्मूलन (नवौं संशोधन) नियमावली, २०८२ बमोजिम शंखरापुर नगरपालिका वडा नं. ३ (साविक लप्सेफेदी ४, ५ र ६, बोझिनी) मा रहेको आनन्द शमशेरको विर्ता सम्बन्धी जग्गा समस्या समाधानका लागि सम्बन्धित स्थानीय मोहीहरूको नाममा प्रचलित कानुन अनुसार जग्गा दर्ता गराउन (रैकर परिणत) आवश्यक पहल गरिनेछ।

५. बीस देखि तीस रोपनीसम्मको जग्गा व्यवस्थापनका लागि संक्षिप्त वातावरण अध्ययन प्रतिवेदन र एकतीस देखि साठी रोपनी जग्गाको लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा प्रचलित कानुन बमोजिम जग्गा व्यवस्थापन गर्ने नीति लिइनेछ।

६. सार्वजनिक, सरकारी तथा पर्ती जग्गाहरूको पहिचान, अभिलेखीकरण गरी अतिक्रमित जग्गाहरुको समेत संरक्षण तथा व्यवस्थापन गरी स्थानीय आवश्यकताअनुसार उत्पादनमूलक तथा रोजगारमुखी कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ।

७. भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई सम्बन्धित निकायसँग समन्वय गरी निरन्तरता दिइनेछ।

८. साविक गा.वि.स.को नाममा दर्ता श्रेस्ता कायम रहेका जग्गाहरूको संरक्षण, व्यवस्थापन तथा अभिलेख अद्यावधिक गरी उत्पादनशील तथा आयमूलक कार्यका लागि प्रचलित कानून बमोजिम लिज प्रक्रिया अगाडि बढाइनेछ।

### १.१.५ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

१. बेरोजगार युवा, महिला, दलित, यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, विपन्न समुदाय तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई लक्षित गरी सीपमूलक, उद्यमशीलता तथा क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

२. रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमार्फत बेरोजगार व्यक्तिको सूचीकरण, रोजगार सूचना प्रवाह, श्रम स्वीकृति सहजीकरण तथा रोजगारमा पहुँच विस्तार गरिनेछ।

३. श्रमिकले गर्ने काम, सीप, योग्यता र दक्षताका आधारमा अभिलेखलाई श्रम डेस्कमार्फत निरन्तरता दिइनेछ।

४. निजी क्षेत्र, सहकारी तथा वित्तीय संस्थासँग समन्वय गरी उद्यमीहरूलाई सहुलियतपूर्ण कर्जा, प्राविधिक सहयोग तथा बजार पहुँचमा सहजीकरण गरिनेछ।

५. स्थानीय उत्पादनको बजारीकरण, ब्रान्डिङ तथा "स्थानीय उत्पादन प्रयोग गरौं" अभियान सञ्चालन गरिनेछ।

६. मानव बेचबिखन, ठगी तथा असुरक्षित वैदेशिक रोजगार न्यूनीकरण गर्न सचेतना, अभिमुखीकरण तथा परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

७. स्थानीय स्रोत, साधन तथा कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्यम तथा श्रममूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

८. रोजगार तथा स्वरोजगार सम्बन्धी तथ्याङ्क व्यवस्थापन र एकीकृत सूचना प्रणाली विकास गरिनेछ।

९. आन्तरिक रोजगारी सिर्जना गर्न निजी, सहकारी, सरकारी तथा गैह्र सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।

१०. रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहमा उपलब्ध हुने रोजगारीको अवसरको पहिचान, समस्याको निदान तथा रोजगारीको क्षेत्रमा नवीनतम उपाय र विधिको पहिचान गर्न नगर रोजगार रणनीति तर्जुमा गरिनेछ।

११. नगरपालिकामा सूचीकृत बेरोजगार युवा, महिला, दलित, जनजाति तथा विपन्न वर्गलाई स्वरोजगार तथा आयआर्जनमा संलग्न गराउने उद्देश्यले केराको थाम (Banana Fiber) बाट उत्पादन गर्न सकिने सामग्री सम्बन्धी सीप विकास, प्रविधि हस्तान्तरण तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

## १.२. सामाजिक विकास

### १.२.१. शिक्षा विकास तथा खेलकुद प्रवर्द्धन

१. आधारभूत तथा नि:शुल्क शिक्षा सुनिश्चिताका लागि विशेष कार्यक्रम सञ्चालन गरी दिगोपनामा जोड दिइनेछ ।माध्यमिक तहसम्मको शिक्षालाई सुनिश्चितताका लागि कक्षा ११ र १२ मा पहुँच अभिवृद्धि गर्न शुल्कमा सहुलियत प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट सूचनाहरुलाई वस्तुनिष्ट बनाउन सत्यापन कार्यमा जोड दिई विद्यालयहरुमा उपलव्ध गराउने अनुदान निकासालाई उक्त प्रणालीमा आवद्धता गरिनेछ ।

३. शैक्षिक सत्रको अन्तिम परीक्षामा सहभागी विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी मिलान एवम् कक्षा समायोजनको नीतिलाई निरन्तरता दिइनेछ। नगरपालिकामा उपलब्ध श्रोत र साधनको अवस्था अनुसार निम्नमाध्यमिक तथा माध्यमिक तहमा अति आवश्यक परेको विषयमा स्वयंसेवक नगर शिक्षक राख्ने व्यवस्था गरिनेछ।

४. २० जना भन्दा बढी विद्यार्थी भएका प्रारम्भिक बालकक्षाका लागि थप बाल कक्षा स्वयंसेवक सहजकर्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

५. सामुदायिक माध्यमिक विद्यालयको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्न मेगा विद्यालयको विकासमा निरन्तरता दिइनेछ ।

६. विद्यालयमा सञ्चालन हुने शैक्षणिक क्रियाकलापहरुमा नविन सूचना प्रविधिको अधिकतम प्रयोग गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिनुको साथै सामुदायिक विद्यालयमा शैक्षिक सुधार गरी अभिभावकहरुको आकर्षणको केन्द्रको रुपमा विकास गरिनेछ।

७. सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुको सिकाइ उपलव्धिमा हुने अवर्गीकृत(NG)लाई शून्य गर्न विशेष किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा एकरुपता कायम गर्न आवश्यक न्यूनतम मापदण्ड निर्धारण गरी क्रमिक रुपमा स्तरोन्नति गर्दै जाने नीति अवलम्बन गरिनेछ ।

९. कक्षा १ र बालकक्षाको बीचमा देखिएको सिकाई उपलब्धिको भिन्नता कम गर्दै सामुदायिक विद्यालयमा स्थानीय समुदायको आर्कषण बढाउनका लागि थप कक्षा सञ्चालन गर्न सकिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।साथै,बालमैत्री कक्षाकोठा व्यवस्थापनमा जोड दिइनेछ ।

१०. नगरपालिकामा स्थायी बसोवास गर्ने विद्यार्थीहरुलाई प्राविधिक शिक्षामा आकर्षित गर्नका लागि शंखरापुर बहुप्राविधिक शिक्षालय लगायतका प्राविधिक शिक्षा अध्यापन गराउने संस्थामा अध्ययन गर्ने आर्थिक रुपमा विपन्न र सामाजिकरुपमा वहिष्करणमा रहेका छात्र,छात्रा, दलित, अपाङ्ग र

अल्पसंख्यक लगायतका विद्यार्थीहरुको मासिक शुल्क एकमुष्ट छात्रवृत्तिका रुपमा उपलब्ध गराइनेछ ।

११. सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने स्थानीय बालबालिकाहरुलाई वडागत रुपमा २/२ जनालाई पूर्ण नि:शुल्कको व्यवस्था गरिनेछ।

१२. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गैरसरकारी निकायसँगको समन्वय र साझेदारीलाई थप प्रभावकारी बनाइनेछ ।साथै, नवप्रर्वतनका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।

१३. माध्यमिक शिक्षा परीक्षा (SEE), आधारभूत तह परीक्षा (BEE) तथा कक्षा ५ मा उच्चतम उपलब्धि हासिल गर्ने विद्यार्थी, विषयगत शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी र विद्यालयलाई सम्मान तथा पुरस्कृत गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

१४. विद्यार्थीहरूको अन्तरनिहित क्षमताको प्रस्फुटन गराउन माध्यमिक तह (९-१०) स्तरीय विज्ञान प्रदर्शनी, हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, आधारभूत तह(६-८) गणित सामग्रीको प्रदर्शनी, शैक्षिक मेला प्रदर्शनी र नृत्य/गायन लगायतका अतिरिक्त क्रियाकलापहरू एवम् योग ध्यानका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ।

१५. शिक्षामा गुणस्तर अभिवृद्धिका लागि पालिका भित्रका सामुदायिक एवम् संस्थागत विद्यालय तथा देशका सफल नमूना विद्यालयहरुसँग अनुभव आदानप्रदान, अभिभावक शिक्षा कार्यक्रम, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास लगायतका कार्यहरुमा जोड दिइनेछ।

१६. स्थानीय विषयको पाठ्यक्रम परिमार्जन गरी आधारभूत तहका कक्षाहरुमा मातृभाषामा शिक्षा प्रदान गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१७. संस्थागत विद्यालयबाट प्रदान गरिने निशुल्क छात्रवृति व्यवस्थित र पारदर्शी बनाउन तथा शुल्क निर्धारण गर्न आवश्यक कानुनी आधार तयार गरिनेछ।

१८. विद्यालय कर्मचारी एवम् बालबिकास सहजकर्तालाई थप प्रोत्साहन उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ । साथै, यस्ता प्रकृतिका जनशक्तिको सामाजिक सुरक्षा कोषमा सहभागी गराइनेछ।

१९. प्रसूति अवधिमा हुने शिक्षण सिकाईको रिक्ततालाई तत्काल सम्बोधनका लागि शिक्षण सहजकर्ताको व्यवस्था गरिनेछ।

२०. यस नगरपालिकाको कठिन पहुँच भएका स्थानमा अवस्थित विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई उत्प्रेरित गर्ने नीति लिइनेछ।

२१. नगरपालिकामा सम्भावना भएका खेलको पहिचान गरी खेलकुदको माध्यमबाट युवा तथा विद्यार्थीको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउन खेलकूदको प्रवर्द्धन र विकासमा जोड दिइनेछ।

२२. विद्यार्थीहरूमा सामाजिक सद्भाव र सेवाको भावना जागृत गराउन नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल र बाल समूहहरुलाई क्रियाशिल बनाइनेछ।

२३. विद्यालयलाई शैक्षिक मात्र नभई सांस्कृतिक, ऐतिहासिक तथा वातावरणीय संरक्षणको केन्द्रका रूपमा विकास गर्ने उद्देश्यले “एक विद्यालय, एक सम्पदा तथा फूलबारी” अवधारणा कार्यान्वयन गरिनेछ। यस अन्तर्गत प्रत्येक विद्यालयले आफ्नो क्षेत्रभित्र वा स्थानीय समुदायसँग समन्वय गरी एक पहिचानयुक्त सम्पदा (सांस्कृतिक/ऐतिहासिक/प्राकृतिक) संरक्षण तथा प्रवर्द्धन गर्ने तथा विद्यालय परिसरमा वातावरणीय सौन्दर्य, हरियाली तथा जैविक विविधता प्रवर्द्धन गर्न फूलबारी स्थापना तथा व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ।

### १.२.२. सामाजिक समावेशीकरण र संरक्षण

१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक लगायत सबै लक्षित समूहको आर्थिक, सामाजिक र राजनितिक सशक्तीकरणलाई उच्च प्राथमिकता दिइनेछ। अन्तराष्ट्रिय प्रतिवद्धताको प्रभावकारी कार्यान्वयन गर्दै अधिकारमा आधारित विकासको सुनिश्चितता गरिनेछ।

२. सामाजिक रुपान्तरण अभियानलाई सशक्त बनाउन बञ्चितिकरणमा परेका समुदायबाट महिला, बालबालिका, किशोर किशोरी तथा पुरुषहरुको समावेशी प्रतिनिधित्व हुने गरी आयमा वृद्धिका लागि समूह, समिति गठन र बचत कार्यलाई निरन्तरता दिइनेछ ।

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक तथा सांस्कृतिक विभेद र हानिकारक अभ्यास अन्त्य गर्न सामाजिक रुपान्तरण अभियान सञ्चालन गरिनेछ।

४. बेइजिङ घोषणा पत्रको मर्म र भावना अनुरुप महिला र गरिबी, महिला शिक्षा र तालिम, महिला र स्वास्थ्य, महिलाविरुद्धको हिंसा लगायतका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न जोड दिइनेछ।

५. संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी, १९८९ को प्रतिबद्धता कार्यान्वयनका लागि बाल अधिकार संरक्षण सम्वर्द्धन सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. सबै प्रकारका लैङ्गिक हिंसामा शून्य सहनशीलता अपनाउँदै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा किशोर किशोरीहरु माथि हुने सबै प्रकारका दुर्व्यवहार,शोषण, भेदभाव, हिंसा अन्त्य गर्नका लागि सामाजिक अभियान सञ्चालन गर्नुका साथै कानुनी सहायता तथा पुनर्स्थापना सम्बन्धी कार्य गरिनेछ। उक्त कार्यका लागि समुदाय, विद्यालय, सञ्चार जगत, निजीक्षेत्र, गैरसरकारी सङ्घसंस्थाहरुसँग सहकार्य गरिनेछ।

७. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा यौनिक अल्पसङ्ख्यकहरुलाई आर्थिक तथा सामाजिक विकासको मूल प्रवाहमा समाहित गर्न विभिन्न सीपमूलक तथा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ ।

८. असहाय, अशक्त तथा जोखिममा परेका नागरिकको समुदायमै संरक्षण तथा पुनर्स्थापना सेवाको व्यवस्था गरिनेछ। अपाङ्गता भएका व्यक्तिलाई उद्यमशिलता र रोजगारमूलक सीप प्रदान गरी आत्मनिर्भर बनाइनेछ।

९. आर्थिक अवस्था कमजोर भएका लागुऔषध तथा दुर्व्यसनीमा परेका व्यक्तिहरुलाई सम्बन्धित सरकारी/गैरसरकारी संस्थामा पुनःस्थापना गरिनेछ ।

१०. विद्यालयमा अध्यायनरत किशोर किशोरीहरुका लागि अन्तरपुस्ता ज्ञान,सीप र अनुभव हस्तान्तरण कार्यक्रम , आत्मरक्षा सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. अनाथ, अशक्त, असहाय, बाबुआमाविहीन बालबालिका तथा किशोर किशोरीहरुका लागि संरक्षणको नीति अवलम्बन गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. नगरपालिका क्षेत्रमा कार्य गर्न ईच्छुक गैरसरकारी सङ्घसंस्थाहरुलाई अनिवार्य सूचिकृत हुने व्यवस्था मिलाइनेछ। नगरपालिकाको नीति कार्यक्रमसँग तादात्म्यता हुने गरी कार्यक्रम सञ्चालन अनुमति प्रदान गरिनेछ। साथै, गैरसरकारी सङ्घसंस्थाहरुको क्रियाकलापलाई पारदर्शी बनाइनेछ।

१३. स्थानीय बाल उद्धार कोषलाई निरन्तरता दिँदै उचित परिचालन समेत गरिनेछ।

### १.२.३. स्वास्थ्य

१. आधारभूत स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच विस्तार गर्दै स्वास्थ्य संस्थाहरूको पूर्वाधार, जनशक्ति, औषधि, उपकरण तथा सेवा प्रवाहलाई सुदृढ र प्रभावकारी बनाइनेछ ।

२. मातृ, नवजात शिशु, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा जोखिममा रहेका समुदायलाई प्राथमिकतामा राखी स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

३. सुरक्षित मातृत्व, संस्थागत सुत्केरी, परिवार नियोजन, पोषण तथा प्रजनन स्वास्थ्य सेवाको पहुँच र उपयोग वृद्धि गरिनेछ।

४. पूर्ण खोप सुनिश्चितता, कुपोषण न्यूनीकरण, किशोरी स्वास्थ्य तथा रक्तअल्पता नियन्त्रण कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

५. सरुवा तथा नसर्ने रोगहरूको रोकथाम, प्रारम्भिक पहिचान, उपचार तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

६. क्षयरोग, डेंगु, HIV/AIDS, कुष्ठरोग लगायत जनस्वास्थ्यका चुनौतीहरूको नियन्त्रणका लागि समुदायमा आधारित एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

७. मानसिक स्वास्थ्य, स्वास्थ्य शिक्षा, सरसफाइ, पोषण तथा स्वस्थ जीवनशैली प्रवर्द्धनलाई स्थानीय स्वास्थ्य प्रणालीसँग एकीकृत गरिनेछ।

८. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) को क्षमता विकास, प्रोत्साहन, सामाजिक सुरक्षा तथा समुदाय परिचालनलाई सुदृढ बनाइनेछ ।

९. स्वास्थ्य सेवा प्रवाहमा लैंगिक समानता, सामाजिक समावेशीकरण, मानव अधिकार तथा भेदभावरहित सेवाको सुनिश्चितता गरिनेछ ।

१०. स्वास्थ्य संस्थाहरूलाई बालमैत्री, किशोरकिशोरीमैत्री, अपाङ्गमैत्री तथा ज्येष्ठ नागरिकमैत्री बनाइनेछ ।

११. स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई डिजिटल, तथ्यमा आधारित तथा प्रविधिमैत्री बनाउँदै अभिलेखीकरण, प्रतिवेदन तथा डेटा सुरक्षा प्रणाली सुदृढ गरिनेछ।

१२. स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापनलाई वैज्ञानिक, सुरक्षित, वातावरणमैत्री तथा जलवायु संवेदनशील बनाइनेछ।

१३. जलवायु परिवर्तन, महामारी, विपद् तथा जनस्वास्थ्य आपत्कालीन अवस्थाबाट उत्पन्न जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापना प्रणाली विकास गरिनेछ ।

१४. स्वच्छ खानेपानी, सरसफाइ तथा वातावरणीय स्वास्थ्य सुधारलाई स्वास्थ्य नीतिसँग एकीकृत गरी कार्यान्वयन गरिनेछ।

१५. स्वास्थ्य बीमा तथा सामाजिक सुरक्षा कार्यक्रममार्फत विपन्न, असहाय तथा जोखिमयुक्त नागरिकको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिनेछ।

१६. आयुर्वेद, स्वास्थ्य प्रवर्द्धन तथा रोकथाममुखी स्वास्थ्य प्रणालीलाई प्राथमिकता दिइनेछ ।

१७. सङ्घ, प्रदेश, निजी क्षेत्र, विकास साझेदार तथा समुदायसँग सहकार्य र समन्वय गरी स्वास्थ्य सेवा प्रणालीलाई प्रभावकारी, उत्तरदायी तथा दिगो बनाइनेछ ।

१८. "स्वस्थ नागरिक, स्वस्थ समुदाय र स्वस्थ नगर" निर्माणका लागि बहुक्षेत्रीय समन्वय तथा समुदाय सहभागितामा आधारित VIA परीक्षण, पाठेघर तथा स्तन क्यान्सर स्क्रिनिङ, ज्येष्ठ नागरिक आँखा शिविर लगायतका स्वास्थ्य प्रवर्द्धन तथा रोग रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१९. क्षयरोग मुक्त नगरपालिका घोषणाको लागि प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरिनेछ।

२०. यस नगरपालिकाका सम्पूर्ण स्थायी बासिन्दा तथा नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँचका लागि स्वास्थ्य बीमा प्रिमियममा शत प्रतिशत अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

### १.२.४. विवाद निरुपण तथा मेलमिलाप

१. पुराना तथा बक्यौता विवादहरूको संख्या न्यूनीकरण गर्दै विवाद व्यवस्थापन तथा अभिलेख प्रणालीलाई अद्यावधिक र व्यवस्थित गरिनेछ।

२. न्यायिक प्रक्रियालाई छिटोछरितो, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा नागरिक पहुँचयोग्य बनाउँदै न्यायमा सहज पहुँच सुनिश्चित गरिनेछ।

३. विवाद व्यवस्थापन तथा न्यायिक समितिका कार्यलाई सूचना प्रविधिसँग आबद्ध गर्दै डिजिटल अभिलेख, अनलाइन सूचना तथा व्यवस्थापन प्रणाली विकास गरिनेछ।

४. न्यायिक समिति, मेलमिलापकर्ता तथा सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धिका लागि नियमित तालिम, पुनर्ताजगी तालिम तथा अनुभव आदान—प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

५. अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका विवादहरूको समयसीमाभित्र शीघ्र फछ्र्यौट गर्ने व्यवस्था गरिनेछ।

६. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति तथा अन्य लक्षित समुदायका लागि न्यायिक सचेतना तथा मेलमिलाप सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

७. मेलमिलाप प्रक्रिया सम्बन्धी सर्वसाधारणलाई सुसूचित गर्न जनचेतना, कानुनी साक्षरता तथा समुदायस्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

८. समुदायस्तरमा विवाद समाधानको संस्कृतिलाई प्रवर्द्धन गर्दै मेलमिलाप केन्द्रहरूको सुदृढीकरण तथा प्रभावकारी परिचालन गरिनेछ।

## १.३. पूर्वाधार विकास

### १.३.१. भौतिक पूर्वाधार

१. दिगो विकास लक्ष्य, राष्ट्रिय योजना, स्थानीय आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनाबीच तादात्म्यता कायम गरी पूर्वाधार विकासका योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. अधुरा तथा क्रमागत योजनाहरूलाई पहिलो प्राथमिकतामा राखी समय सीमाभित्र सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ।

३. पूर्वाधार विकास गर्दा गुणस्तर, वातावरणीय प्रभाव, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा स्थानीय आवश्यकतालाई प्राथमिकतामा राखिनेछ।

४. नगरपालिका तथा मातहतबाट निर्माण हुने भौतिक पूर्वाधारलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायमैत्री (GEDSI Friendly Infrastructure) बनाइनेछ।

५. नयाँ सडक ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै विद्यमान सडकको स्तरोन्नति, ढलान, कालोपत्रे तथा सुरक्षित सडक पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।

६. सडक, खानेपानी, सिँचाइ, सार्वजनिक भवन तथा अन्य पूर्वाधार निर्माण गर्दा बायो—इन्जिनियरिङ, हरित प्रविधि तथा वातावरणीय संरक्षणका उपाय अवलम्बन गरिनेछ।

७. भूक्षय नियन्त्रण, पहिरो न्यूनीकरण तथा जलाधार संरक्षणका लागि स्थानीय प्रजातिका वृक्षारोपण, बाँस, निगालो तथा जैविक संरक्षण प्रविधिलाई प्रोत्साहन गरिनेछ।

८. नगरपालिकाभित्र निर्माण हुने सार्वजनिक भवन तथा संरचनाहरूलाई ऊर्जा दक्ष(Energy Efficient), वातावरणमैत्री तथा जलवायु उत्थानशील (Climate Resilient Infrastructure) बनाइनेछ।

९. योजना कार्यान्वयनमा डिजिटल प्रविधि, GIS Mapping, Electronic Building Permit System (EBPS) तथा स्मार्ट अनुगमन प्रणालीलाई प्रयोगमा ल्याइनेछ।

१०. पर्यटन तथा पूर्वाधार निर्माण तथा विकासमा सङ्घ, प्रदेश तथा छिमेकी स्थानीय तहहरूसँग समन्वय तथा साझेदारीलाई सुदृढ गरिनेछ।

११. साना तथा छरिएका योजनालाई निरुत्साहित गर्दै २५ लाख माथिका योजनालाई प्राथमिकता दिइनेछ।

१२. सार्वजनिक निर्माण कार्यमा गुणस्तर सुनिश्चित गर्न प्राविधिक अनुगमन नियमित रुपमा गरिनेछ।

१३. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका पूर्वाधारको सञ्चालन, संरक्षण, उपयोग तथा मर्मतस

१४. म्भारका लागि सम्बन्धित समितिलाई योजना हस्तान्तरण गरी जिम्मेवार बनाइनेछ।

१५. खानेपानी, सडक, सिँचाइ, पर्यटन, धार्मिक तथा सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी योजनाहरूलाई दिगो तथा वातावरणमैत्री ढंगबाट कार्यान्वयन गरिनेछ।

१६. सार्वजनिक यातायात, पर्यटन पदमार्ग, खेल मैदान, पार्क, सार्वजनिक स्थल तथा सामाजिक पूर्वाधारको विकासलाई एकीकृत नगर विकास अवधारणा अनुसार अगाडि बढाइनेछ।

१७. आयोजनाहरुको लागत, समय, परिमाण र गुणस्तर हासिल गर्न, सम्झौता अवधिभित्रै आयोजना सम्पन्न गर्ने गरी योजना/कार्यक्रम कार्यान्वयन कार्ययोजना, खरिद गुरु योजना तथा वार्षिक खरिद योजना बनाई लागु गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८. वन क्षेत्रमा योजना छनौट गर्दा वन ऐन, २०७६, नियमावली, २०७९ तथा सामुदायिक वनको कार्ययोजना अनुरुप बजेट व्यवस्थापन गरिनेछ।

१९. पूर्वाधार निर्माणका लागि पूर्व तयारीका चरणहरु जस्तै डिजाईन ड्रईङ, साईट क्लियरेन्स लगायतका कार्यहरु विवाद रहित भएका योजनाको लागि मात्र बजेट व्यवस्थापन गरिनेछ।

२०. नगरपालिकाको प्रशासकीय भवन, ४ नं. वडा भवन तथा ८ नं. वडामा निर्माणाधिन बुद्ध पार्क निर्माणको कामलाई आर्थिक वर्ष २०८३/८४ मा नै सम्पन्न गर्ने गरी बजेट व्यवस्थापन गरिनेछ ।

२१. उपभोक्ता समिति मार्फत् कार्यान्वयन गर्ने योजनामा कम्तिमा १५ प्रतिशत अनिवार्य लागत सहभागितालाई निरन्तरता दिइनेछ।

२२. नगरपालिकाबाट कार्यान्वयन हुने सार्वजनिक निर्माण (पुँजीगत) सम्बन्धी योजनामा विनियोजित रकमको २ प्रतिशत मर्मत सम्भार कोष कट्टी गरी सो रकमलाई नगरपालिकाको मर्मत संभार कोषमा जम्मा गरिनेछ । यसरी मर्मत सम्भार कोषमा जम्मा भएको रकमलाई कार्यविधि अनुसार पूर्वाधारको मर्मत संभार कार्यमा खर्च गरिनेछ। साथै, निर्माण सम्बन्धी कार्यको विनियोजित रकमको ३ प्रतिशत कन्टेन्जेन्सी बापत कट्टा गरिनेछ ।

२३. काठमाडौं महानगरपालिका, गोकर्णेश्वर, चाँगुनारायण, मेलम्ची तथा कागेश्वरी मनोहरा लगायत अन्य स्थानीय तहको सहकार्यमा पर्यटन, धार्मिक क्षेत्र तथा अन्य भौतिक पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक समन्वय गरिनेछ ।

२४. उपभोक्ता समिति मार्फत गरिने योजनाहरु मंसिर मसान्तसम्म सम्झौता गर्ने र वर्षाद शुरु हुनु अगावै बैशाख मसान्तभित्र सम्पन्न हुने व्यवस्था मिलाइनेछ ।

२५. "एक वडा एक खेल मैदान" को नीति लिई प्रत्येक वडामा खेलकुद मैदान, बाल उद्यान, योग अभ्यास तथा जेष्ठ नागरिक पार्क/उद्यान, विश्रामस्थल निर्माणका लागि सङ्घ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

२६. विकासमा समुदायको अपनत्वको भावना अभिवृद्धि गर्नका लागि समुदाय/नगरपालिकाको ५० प्रतिशत लागत साझेदारीको अवधारणालाई अवलम्बन गरिनेछ ।

२७. नगरपालिकामा खानेपानीको आपूर्ति सहज बनाउन नगरस्तरीय एकीकृत खानेपानी आयोजना सञ्चालनका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

२८. नगरपालिका क्षेत्रभित्र रहेका राजकुलो, कुलो, खहरे, खोला, खोल्सी तथा सडकहरुको मापदण्ड कायम गरिनेछ।

२९. पूर्वाधार निर्माणको काममा गुणस्तर कायम गर्न CTEVT सँगको सहकार्यमा गुणस्तर परीक्षण गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।

३०. यस नगरपालिकाको नीति "पर्यटन, कृषि र साँस्कृतिक सम्पदा संरक्षण" गर्ने भएको सन्दर्भमा वडा नं. ३ बोजिनीमा निर्माण गर्ने भनिएको सब-स्टेशन र अपर तामाकोशी प्रशारण लाईन विस्तार गर्दा मानव बस्तीलाई असर पर्ने भनी स्थानीयहरुबाट विरोध भई रहेको हुँदा आदिवासी भूमिको संरक्षण गर्न नेपाल सरकारको नीति तथा कानूनसँग नबाझिने गरी सब-स्टेशन स्थानान्तरणको प्रक्रिया अघि बढाउन अनुरोध गरिनेछ ।

### १.३.२. सूचना तथा सञ्चार प्रविधि

१. नगरपालिका तथा सबै वडा कार्यालयहरूमा भरपर्दो इन्टरनेट सेवा, नेटवर्क पूर्वाधार तथा सूचना प्रविधि संरचनाको विकास, विस्तार र सुदृढीकरण गरिनेछ।

२. कार्यालयका अभिलेख, कागजात, नक्सा, व्यक्तिगत विवरण तथा प्रशासनिक सूचनाहरूलाई डिजिटल प्रणालीमार्फत सुरक्षित रूपमा अभिलेखीकरण तथा व्यवस्थापन गरिनेछ।

३. सूचना प्रणाली, नागरिक विवरण तथा सरकारी अभिलेखको गोपनीयता र सुरक्षा सुनिश्चित गर्न साइबर सुरक्षा, डेटा सुरक्षा तथा सूचना गोपनीयता सम्बन्धी आवश्यक मापदण्ड तथा व्यवस्था लागु गरिनेछ।

४. कर्मचारी, जनप्रतिनिधि तथा नागरिकहरूको डिजिटल साक्षरता र सूचना प्रविधि सम्बन्धी क्षमता विकासका लागि नियमित तालिम, अभिमुखीकरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

५. स्मार्ट नगर अवधारणालाई प्रवर्द्धन गर्न सूचना प्रविधिमा आधारित सार्वजनिक सेवा, स्मार्ट निगरानी प्रणाली, डिजिटल भुक्तानी तथा ई-शासन प्रणाली विस्तार गरिनेछ।

६. सूचना प्रविधिको पहुँचमा लैङ्गिक समानता तथा समावेशिता सुनिश्चित गरिनेछ।

## १.४. वन तथा वातावरण, विपद् व्यवस्थापन

१. नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सबै विकास निर्माण तथा पूर्वाधार आयोजनाहरूलाई विपद् उत्थानशील, वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूल बनाइनेछ।

२. नगर क्षेत्रलाई हरित, स्वच्छ तथा वातावरणमैत्री बनाउन सडक किनारा, सार्वजनिक स्थल तथा खुला क्षेत्रमा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

३. फोहोरमैला व्यवस्थापनलाई Public Private Partnership (PPP) मोडेलमार्फत प्रभावकारी रूपमा सञ्चालन गर्दै चक्रीय अर्थतन्त्र (Circular Economy) तथा 4R (Reduce, Reuse, Recycle, Recover) सिद्धान्तअनुसार फोहोर वर्गीकरण, पुनःप्रयोग, पुनर्चक्रण तथा प्रशोधनमार्फत आयआर्जन, रोजगारी सिर्जना तथा वातावरणीय दिगोपनलाई प्रवर्द्धन गरिनेछ।

४. स्थानीय स्तरमै फोहोर व्यवस्थापनका लागि आवश्यक सम्भाव्यता अध्ययन गरी फोहोर सङ्कलन केन्द्र, सार्वजनिक डस्टबिन तथा प्रशोधन केन्द्रहरूको स्थापना र व्यवस्थापन गरिनेछ।

५. खोला, खोल्सी, नदी तथा जलस्रोत क्षेत्रमा फोहोर फाल्ने, ढल मिसाउने तथा प्रदूषण गर्ने कार्यलाई निरुत्साहित तथा कानुन बमोजिम नियमन गरिनेछ।

६. सार्वजनिक स्थलमा निजी—सार्वजनिक साझेदारी (PPP Model) मार्फत सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन गरिनेछ।

७. प्लास्टिकजन्य सामग्रीको प्रयोगलाई न्यूनीकरण गर्दै हरित झोला, वातावरणमैत्री सामग्री तथा वैकल्पिक उत्पादनको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

८. नगरपालिकामा सूचीकृत सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा वन क्षेत्रभित्र फलफूल, जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको उत्पादन, प्रशोधन तथा बजारीकरणलाई प्रोत्साहन गरिनेछ। साथै, यस्ता समूहहरूको क्षमता अभिवृद्धि, उद्यम विकास तथा आयआर्जनमा टेवा पुग्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९. विपद् जोखिम न्यूनीकरणका लागि जोखिमयुक्त क्षेत्रहरूको पहिचान, जोखिम नक्सांकन, पूर्वसूचना प्रणाली, जोखिम मूल्याङ्कन तथा समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

१०. विपद् पूर्वतयारी, प्रतिकार्य तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन नगर तथा वडा स्तरमा विपद् व्यवस्थापन कोष तथा आवश्यक राहत सामग्रीको व्यवस्थापन गरिनेछ।

११. ऐतिहासिक ढुङ्गेधारा, पोखरी, कुवा, इनार, पानी घट्ट तथा प्राकृतिक मुहान र सिमसार क्षेत्रहरूको संरक्षण तथा पुनर्जीवन कार्यक्रम सञ्चालन गरिनेछ।

१२. **शंखरापुर नगरपालिका वडा नं ३ स्थित हिलेचौर सिमसार क्षेत्र घोषणा गर्नुका** साथै नगरपालिका क्षेत्रभित्र रहेका खानेपानीका स्रोत तथा मुहानहरूको दीगो संरक्षण, संवर्द्धन र व्यवस्थापनका लागि आवश्यक अध्ययन तथा पहिचान गरी जलाधार क्षेत्र, पुनर्भरण क्षेत्र तथा सिमसार क्षेत्रहरूको संरक्षण र व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुका साथै सिमसार क्षेत्र घोषणा गर्न आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अगाडि बढाइनेछ।

१३. वायु प्रदूषण न्यूनीकरण तथा वातावरण संरक्षणका लागि विकास साझेदार संस्था तथा समुदायसँग सहकार्यमा वातावरणीय कार्यक्रम सञ्चालन गरिनेछ।

१४. बोधिचित्त लगायत स्थानीय आर्थिक सम्भावना भएका वातावरणमैत्री तथा बहुउपयोगी बिरुवाको उत्पादन तथा विस्तारलाई प्रोत्साहन गरिनेछ।

१५. प्राकृतिक स्रोतबाट प्राप्त राजस्वको निश्चित हिस्सा वातावरण संरक्षण, जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रममा लगानी गरिनेछ।

१६. हरित ऊर्जा, वैकल्पिक ऊर्जा, कागजरहित प्रणाली तथा हरित प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै हरित नगर अवधारणा कार्यान्वयन गरिनेछ।

१७. वन डढेलो न्यूनीकरण तथा जलस्रोत संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समिति तथा साझेदार संस्थासँग सहकार्यमा पोखरी निर्माण तथा वन संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१८. विद्यालय, कार्यालय तथा सार्वजनिक निकायहरूले स्वच्छता अभिवृद्धिका लागि नियमित रुपमा अनिवार्य सरसफाइ अभियान सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१९. नागरिक स्तरमा घर—आँगन तथा घर अगाडिको सडक आफैं सफा गर्ने अभियान सञ्चालन गरी सामुदायिक सहभागितामार्फत स्वच्छ र स्वस्थ वातावरण कायम गरिनेछ।

२०. शंखरापुर नगरपालिका, कागेश्वरी मनोहरा र चाँगुनारायण नगरपालिकाको फोहोरमैला व्यवस्थापन तथा चक्रीय अर्थव्यवस्थामा संयुक्त समन्वय व्यवस्थापन सम्बन्धी प्रारुप, २०८२ बमोजिम कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

२१. वातावरण संरक्षण तथा दिगो विकासलाई प्रवर्द्धन गर्न आवश्यक मापदण्ड तथा सूचकहरू पूरा गर्दै सरोकारवाला निकाय, सामुदायिक संस्था तथा नागरिकहरूको सहभागितामा वातावरणमैत्री वडा/नगरपालिका घोषणा गरिनेछ।

## १.५. सुशासन तथा संस्थागत विकास

### १.५.१. सार्वजनिक सेवा प्रवाह र सुशासन

१. स्थानीय सेवालाई तटस्थ, निष्पक्ष, पारदर्शी, उत्तरदायी तथा व्यावसायिक संस्थाका रूपमा विकास गरी नतिजामुखी सेवा प्रवाह सुनिश्चित गरिनेछ। साथै, सदाचारिता, नैतिकता र भ्रष्टाचार नियन्त्रणका उपायलाई संस्थागत गरिनेछ।

२. सार्वजनिक सेवा प्रवाहलाई छरितो, पारदर्शी, जवाफदेही तथा नागरिकमैत्री बनाउन डिजिटल सेवा, नागरिक बडापत्र, गुनासो व्यवस्थापन प्रणाली तथा विद्युतीय सूचना प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ।

३. नगरपालिकाबाट सम्पादित गतिविधि, बजेट तथा कार्यक्रमको विवरण नियमित रूपमा वेबसाइट, सामाजिक सञ्जाल, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण तथा पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिनेछ।

४. सुशासन प्रवर्द्धनका लागि प्रत्येक कार्यालयमा सूचना अधिकारी, गुनासो अधिकारी तथा सेवा सहजीकरण संयन्त्रलाई प्रभावकारी बनाइनेछ।

५. नगरपालिका र अन्तर्गतका कार्यालयहरूको जिन्सी व्यवस्थापन, बेरुजु फछ्र्यौट, अभिलेख व्यवस्थापन तथा सम्पत्ति व्यवस्थापन प्रणालीलाई सूचना प्रविधिमैत्री बनाइनेछ।

६. मानव संसाधन विकास तथा संस्थागत क्षमता अभिवृद्धिका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

७. कार्यसम्पादन मूल्याङ्कनलाई मापनयोग्य सूचकमा आधारित बनाई पुरस्कार तथा प्रोत्साहन प्रणालीलाई वृत्तिविकाससँग आबद्ध गरिनेछ।

८. नगरपालिकाको संस्थागत सिकाइ तथा ज्ञान व्यवस्थापनलाई सुदृढ गर्न पुस्तकालय, डिजिटल अभिलेख प्रणाली तथा अनुसन्धान प्रणाली विकास गरिनेछ।

९. कार्यालयहरूमा सुरक्षित स्तनपान कक्ष, सहायता कक्ष, प्रतिक्षालय, अपाङ्गमैत्री पूर्वाधार (र्याम्प, शौचालय, संकेत प्रणाली) तथा लैङ्गिकमैत्री सेवा प्रणाली विकास गरिनेछ।

१०. कार्यस्थलमा हुने यौन दुर्व्यवहार अन्त्यका लागि निर्माण भएको आचारसंहिताको कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

११. नगरपालिकाका नीति, योजना तथा कार्यक्रमहरूलाई **जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशीलता (Climate Resilience)** सँग एकीकृत गरिनेछ तथा हरित प्रशासन, कागजरहित सेवा प्रणाली र वातावरणमैत्री अभ्यासलाई प्रोत्साहन गरिनेछ।

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरपालिकासँग सहकार्य, भगिनी सम्बन्ध तथा अनुभव आदानप्रदानलाई प्रोत्साहन गरिनेछ।

**१३.** नगरपालिका र अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवा चुस्त दुरुस्त बनाउन तथा कार्यरत जनशक्तिको मनोबल उच्च राख्न कार्यबोझका आधारमा प्रोत्साहन स्वरुप अतिरिक्त सेवा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१४. सबै प्रकृतिका तथा जुनसुकै सेवा सर्तमा रोजगारीमा संलग्न श्रमिक तथा कर्मचारीहरूलाई अनिवार्य रूपमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न पहल गरिनेछ। साथै, कम्पनी, संस्था, सहकारी, फर्म वा अन्य संगठित संस्थाहरूको दर्ता तथा नवीकरणका क्रममा श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराई नियमित योगदान गरेको प्रमाणपत्र संलग्न गर्नुपर्ने कानुनी व्यवस्था लागु गर्दै लगिनेछ।

### १.५.२. राजश्व परिचालन

१. नेपालको संविधानको अनुसूची—८ र अनुसूची—९ बमोजिम स्थानीय तहलाई प्राप्त कर तथा राजस्व सङ्कलन गर्ने अधिकार क्षेत्रभित्र मात्र कर सङ्कलन गरिने प्रतिवद्धता गरिनेछ।

२. नगरपालिकाको आन्तरिक आय अभिवृद्धिका लागि सम्भावित राजश्वका नयाँ क्षेत्र तथा स्रोतहरूको पहिचान, विस्तार र दिगो परिचालन गर्दै प्रगतिशील तथा न्यायोचित कर प्रणाली अवलम्बन गरिनेछ।

३. कर प्रणालीलाई पारदर्शी, उत्तरदायी, प्रविधिमैत्री तथा करदातामैत्री बनाउँदै समयानुकूल करका दर तथा दायराको पुनरावलोकन र परिमार्जन गरिनेछ ।

४. सरकारी कोषबाट सेवा सुविधा प्राप्त गर्ने जनप्रतिनिधि, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी तथा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई समयमै कर दायित्व पूरा गर्न प्रोत्साहित गरिनेछ ।

५. करदातालाई समयमै कर तिर्न प्रोत्साहन गर्न प्रारम्भिक अवधिमा कर बुझाउनेलाई प्रोत्साहनात्मक छुट तथा सहुलियतको व्यवस्था गरिनेछ ।

६. महिला, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न तथा सामाजिक रूपमा पछाडि परेका वर्गलाई उद्यम तथा व्यवसाय प्रवर्द्धन गर्न समावेशी कर सहुलियत नीति अवलम्बन गरिनेछ ।

७. उद्योग वाणिज्य सङ्घ, निजी क्षेत्र तथा सरोकारवालासँग समन्वय गरी करदाता शिक्षा, वित्तीय सचेतना तथा उपभोक्ता हित संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

८. उत्कृष्ट करदातालाई मापदण्डका आधारमा सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

९. "मैले तिर्ने कर, मेरै विकासका लागि" भन्ने भावनाको विकास गर्दै कर र सार्वजनिक सेवाबीचको सम्बन्धलाई प्रभावकारी रूपमा स्थापित गरिनेछ ।

१०. घर तथा जग्गा बहाल करलाई व्यवस्थित, यथार्थपरक तथा प्रभावकारी बनाउन बहाल सम्झौताको अभिलेखीकरण तथा अद्यावधिक प्रणाली लागु गरिनेछ ।

११. कर सप्ताह, घरदैलो अभियान तथा जनचेतनामूलक कार्यक्रममार्फत राजश्वको दायरा विस्तार तथा कर सहभागिता अभिवृद्धि गरिनेछ ।

१२. राजश्व सुधार कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आन्तरिक स्रोत परिचालन सुदृढ गरिनेछ र सार्वजनिक खर्चलाई मितव्ययी, नतिजामुखी तथा उत्तरदायी बनाइनेछ ।